क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्ष: २०, अङ्क: ६१, २०८२ साउन २९ गते बिहीबार (14 Aug., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका

दैनिक



रमाईलो®
तपाईंको स्वास्थ्यको साथी

मैदा

बेकरी, म:म: र नुडल्स को लागी न.१

RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali

9801700061/ 9801700011


# नेपाल जेसीजको क्षेत्र 'घ' सम्मेलन असोज पहिलो साता महेन्द्रनगरको सिटी हलमा हुने

## तयारीमा जुट्यो महेन्द्रनगर जेसीज, देशभरका डेढ हजार बढी सहभागी हुने

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २८ साउन**

नेपाल जेसिज क्षेत्र 'घ' सम्मेलन आगामी असोज पहिलो साता महेन्द्रनगरस्थित सिटी हलमा हुने भएको छ। महेन्द्रनगर जेसीजको आतिथ्यतामा असोज ३ र ४ गते सम्मेलन आयोजना तयारी थालिएको छ। बुधबार पत्रकार सम्मेलन गरी क्षेत्रीय सम्मेलन 'घ' सम्बन्धि जानकारी दिइएको छ।

१० वर्ष अघि सन् २०१५ मा नेपाल जेसिजको ४२ औं राष्ट्रिय महाधिवेशनमा सिटी हलमा भएको थियो। त्यति बेला सिटी निर्माणाधिन थियो। अहिले निर्माण कार्य पूरा भए पनि सञ्चालन आउन सकेको छैन। जेसिजले यस पटक फेरि क्षेत्र 'घ' सम्मेलन सिटी हलमा आयोजना गर्ने तयारी गरेको हो।

जेसीजको क्षेत्र 'घ' अन्तर्गत नारायणी पश्चिम नेपालका ५८ शाखा छन्। सम्मेलनमा ती शाखाका प्रतिनिधि सहित जेसीजका राष्ट्रिय समितिका पदाधिकारी, सदस्य र पर्यवेक्षक गरी एक हजार पाँच सय प्रतिनिधि सहभागी हुने भएका छन्।

'महेन्द्रनगर जेसीजले ३८ वर्ष पूग्दै गर्दा असोज ३ र ४ गते क्षेत्रीय घ सम्मेलन सुन्दर नगरी महेन्द्रनगरमा आयोजना गर्ने तयारी गरेका छौं' पत्रकार सम्मेलनमा महेन्द्रनगर जेसीज वर्ष २०२५ का अध्यक्ष राजेन्द्र प्रसाद अवस्थीले भने। महेन्द्रनगर जेसिजको आथित्यतामा यसअघि नेपाल जेसिजका ३ वटा क्षेत्र 'घ' सम्मेलन र एउटा राष्ट्रिय




महाधिवेशन सफलतापुर्वक सम्पन्न भइसकेका छन्। सन् १९९०, सन् २००३, सन् २००७ मा क्रमश: धर्मानन्द भट्ट, नरेन्द्रराज जोशी र दानसिंह ठकुराठीको सफल नेतृत्वमा क्षेत्र 'घ' सम्मेलन एवं सन् २०१५ मा दिपकराज बिष्टको नेतृत्वमा ४२ औं राष्ट्रिय महाधिवेशन सब्य र भब्य रुपमा सम्पन्न गरिएको थियो। दुई दिने सम्मेलनमा सहभागीहरुलाई विभिन्न पर्यटकीय स्थलको भ्रमण गराउने कार्यक्रम भएको अध्यक्ष अवस्थीले बताए। 'पर्यटकीय स्थलको राष्ट्रिय स्तरमा प्रचारप्रसार गर ी पर्यापर्यटनमा टेवा पुगाउन भ्रमण कार्यक्रम र ाखिएको छ।' अध्यक्ष अवस्थीले भने, 'सहभागीहरुलाई झिलमिला ताल, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, दोधार ा चाँदनी झोलुङ्गे पुल, ब्रह्मदेब मण्डी, रानी ताल, बेदकोट ताल, लिङ्गा, झिलमिला, सिद्धबाबा मन्दिर, बैजनाथ धाम, कलपट्टे मन्दिर, विष्णु मन्दिर साकेतधाम, बतासे झरना, बन्दा ताल, शोभा ताल, प्याराताल, महाकाली नदीको चार लेन पक्की पुल सहितका पर्यटकीय स्थलको भ्रमण गराईनेछ।'

सम्मेलनमा राष्ट्रिय स्तरमा चर्चित कलाकार पनि सहभागी हुने बताइएको छ। विभिन्न साँस्कृतिक कार्यक्रम, प्रशिक्षण, युवा सम्मान, पर्यटकीय क्षेत्र भ्रमण लगायतका कार्यक्रम सम्मेलनका लागि बनाइएका छन्। विभिन्न समिति बनाएर सम्मेलन तयारी थालिएको छ। सम्मेलन निर्देशकमा महेन्द्रनगर जेसीज वर्ष २००६ का अध्यक्ष कृष्ण प्रसाद पाठक रहेका छन्। महेन्द्रनगर जेसीज वर्ष २०20 का अध्यक्ष हरिश भट्ट सम्मेलन महासचिव र वर्ष २०२१ का अध्यक्ष हरिश प्रसाद भट्ट सम्मेलन कोषाध्यक्ष छन्।

सम्मेलन तयारीका लागि मञ्च व्यवस्थापन, किट ब्याग तथा मायाको चिनो व्यवस्थापन, स्मारिक प्रकाशन, सुरक्षा एबम् स्वयम् सेवक परिचालन, साँस्कृतिक एबम् प्रभातफेरि, सचिवालय व्यवस्थापन, आवाश व्यवस्थापन, स्वागत सत्कार, भोजन व्यवस्थापन, रजिष्ट्रेसन लगायतका समिति गठन गरिएका छन्।

मञ्च एवं भोजन व्यवस्थापन समितिको संयोजकमा बर्ष २०१५ का अध्यक्ष दिपकराज बिष्ट, किट ब्याग एवं मायाको चिनो व्यवस्थापन समिति संयोजकमा बर्ष २०१६ का अध्यक्ष नरेशचन्द्र ओझा, स्मारिका प्रकाशन समिति संयोजकमा बर्ष २०१७ का अध्यक्ष पवनचन्द्र लेखक, सुरक्षा एवं स्वयम् सेवक परिचालन समिति संयोजकमा बर्ष २०१८ का अध्यक्ष अमर बहादुर चन्द, साँस्कृतिक एवं प्रभातफेरी समितिको संयोजकमा बर्ष २०१९ का अध्यक्ष पदम बुढा, सचिवालय व्यवस्थापन समितिको संयोजकमा बर्ष २०२२ का अध्यक्ष कविर ाज अवस्थी , आवास व्यवस्थापन समितिको संयोजकमा बर्ष २०२३ का अध्यक्ष दिपकराज जोशी, स्वागत सत्कार समिति संयोजकमा बर्ष २०२४ का अध्यक्ष जानकी रोकाया भण्डारी, भोजन व्यवस्थापन समितिको सह-संयोजकमा पुर्व पदाधिकारी बिशाल सोनार, किट ब्याग एवं मायाको चिनो व्यवस्थापन समिति सह-संयोजकमा पुर्व पदाधिकारी आषिस खत्री रजिस्ट्रसन संयोजकमा बर्ष २०२५ का कानुनी सल्लाहकार अक्षत पाण्डेय, आवास व्यवस्थापन समितिको सह-संयोजकमा निवर्तमान कोषाध्यक्ष शंकर दत्त अवस्थी, स्मारिका प्रकाशन समिति सह-संयोजकमा बर्ष २०२५ का कार्यकारीणी उपाध्यक्ष पवन जोशी रहेका छन्।

पूर्व अध्यक्षहरु मिन बहादुर शाही, धर्मानन्द भट्ट, चित्राङ्ग थापा, बिश्व बस्नेत, बहादुर थापा, मदन मोहन जोशी, दिपक सिह, अशोक विक्रम जैरु, भास्कर दत्त जोशी, पिताम्बर भट्ट, हरिश थापा , शिवराज भट्ट, क्षेत्रपाल मेहरा, नरेन्द्रराज जोशी, सुरशे सिह भण्डारी, दान सिंह ठकुराठी, प्रेम सिह भाट, निजराजन थापा, हेमराज भट्ट, पुर्ण बहादुर चन्द, सुशिला चन्द, लक्ष्मण भट्ट र हेमराज भट्ट सल्लाहकार छन्।

सम्मेलनमा एक करोड खर्च हुने अनुमान गरिएको छ। सन् १९८७ मा महेन्द्रनगर जेसीज स्थापना गरिएको थियो। सम्मेलनका निर्देशक पाठकलले सम्मेलनलाई भव्य बनाउन सबै पक्षबाट साथ सहयोग अपेक्षा राखिएको बताए। पत्रकार सम्मेलनका प्रमुख अतिथि पाठकले सिटी हल सञ्चालनमा सहयोग पुग्ने उद्देश्यले कार्यक्रम सिटी हलमा राखिएको बताए।

# सुदूरपश्चिम विश्वविद्यालय
**केन्द्रीय कार्यालय**
**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना।

**(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०४/१५)**

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरण: २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालन: २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | कार्यालयद्वारा तोकिएको मिति अनुसार)। |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रम: २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | कार्यालयद्वारा तोकिएको मिति अनुसार)। |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भ: २०८२ कात्तिक तेस्रो हप्तादेखि। |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षा: २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमश: २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ। अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ।

रजिस्ट्रार

# आमरण अनसन स्थलमा मानव अधिकार आयोगको टोली

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २८ साउन**

राष्ट्रिय मानव अधिकार आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयले तत्कालिन शुक्लाफाँटा वन्यजन्तु आरक्ष पीडितका समस्या समाधानका लागि मदन चोकमा आमरण अनशन बसेका वासिन्दासित भेटघाट गरेको छ ।

मदनचोकमा आमरण अनशन बसेको सातौ दिनको आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख प्रकाश भट्ट नेतृत्वको टोलीले आमरण अनशन बसेका जय बहादुर रोकाया र रन बहादुर सिहलाई आमरण स्थलमा आएर भेटघाट गरेको हो । आमरण अनशन सुरु भएपछि आरक्ष पीडित वासिन्दाका अगुवाले राष्ट्रिय मानव अधिकारलाई आमरण अनशन बसेको र भेटघाटका लागि आउन आग्रह गरेका थियो । आरक्ष पीडित वासिन्दाको शुक्लाफाँटा आरक्ष पीडित संघर्ष समितिका अगुवाले आयोगका पदाधिकारीलाई भेटघाटका लागि आग्रह गरेका हुन् ।

अनशन सुरु भएपछि पटक पटक आग्रह गरेपछि आयोगको टोली आमरण स्थलमा आएर भेटघाट गरेको संघर्ष समितिका सल्लाहकार संयोजक अमरजङ्ग बहादुर शाहीले बताए । 'हामीले अनशन बसेपछि हामी यस्तो माग राखेर यस्तो अवस्थामा आमरण अनशन बस्दैछौ, हाम्रो मानव अधिकार वर्षौदेखि हनन भएको छ, तपाईहरु आएर हाम्रो समस्या सुनि दिनु पर्‍यो भनेर आग्रह गर्‍यौ, वहाँहरुले हुन्छ मात्रै भन्नु भयो, धेरै पटक आग्रह गर्‍यौ' उनले भने,'पटक पटकका आग्रहपछि आज बल्ल वहाँहरु हामीलाई भेटन आउनुभयो ।'

आयोगको टोलीले अनशस्थलमा आरक्ष पीडितका समस्या माग, चुनौति लगायतका विभिन्न विषयमा जानकारी लिएको शाहीले बताए । बुधबार अनशनको छैठो दिन अनशनमा बसेका रोकायाले आफूहरुलाई समस्या सुन्न कोही पनि नआएको दुखेसो पोखेका थिए ।

बिहीबार आयेगको टोली सहित जिल्ला समन्वय समिति प्रमुख दुर्गादत्त बोहरा, प्रहरी उपरीक्षक खडक बहादुर खत्री लगायतले अनशन स्थल पुगेर भेटघाट गरेका छन् । तत्कालिन शुक्लाफाँटा वन्यजन्तु आरक्षले २०५८ को संकटकालमा तत्कालिन रौतेली विचवा, पिपलाडी र देखभूती गाविसबाट वासिन्दालाई विस्थापित गरेको थियो ।

विस्थापित भएको लामो समयसम्म व्यवस्थापन नभएपछि उनीहरु सरकारलाई दबाव दिन आमरण अनशन बसेका छन् ।

आरक्ष पीडितहरु सदरमुकाम महेन्द्रनगर, बाणी र विस्थापितको सबैभन्दा ठूलो शिविर ढक्कामा एकसाथ आमरण अनशन बसेका हुन् ।

राष्ट्रिय मानव अधिकार आयोगको टोलीले तीन स्थानको आमरण अनशनबारे जानकारी लिएको संघर्ष समितिका सल्लाहकार संयोजक शाहीले बताए ।

आमरण अनशन बसेका रोकाया र सिंह दुबै ढक्का शिविरका हुन् । रोकायाका आरक्ष पीडित संघर्ष समितिका हुन् ।

उनी यस अघि १९ दिन काठमाडौंमा आमरण अनशनन बसेका थिए । सरकारका वन मन्त्री ऐन बहादुर शाही र कञ्चनपुरका साँसदले समस्या समाधानका लागि पहल गर्ने आश्वासन दिएपछि उनी आमरण अनशन ताडेर जिल्ला फर्र्किएका हुन् ।

मन्त्री र साँसदको आश्वासन अनुसार समस्या समाधानको काम अघि नबढेपछि रोकाया फेरि आमरण अनशन बसेका छन् । उनले आफूहरुका माग सम्बोधन नभएपछि अनशन नछाड्ने बताए ।

'म पानी पनि नखाई बसेको छु, चौबिस सय ७३ परिवारको व्यवस्थापन नभएसम्म अनशन छुट्दैन' उनले भने,'बरु ज्यान गए जाला अनशन अब छाडिनेवाला छैन ।'

रोकायासंगै अनशन बसेका अर्का सिह बुधबार विरामी भएपछि उनलाई स्लाइन चढाइएको छ ।

मदनचोकको भेटघाट चौतारीमा त्रिपाल टाँगेर उनीहरु आमरण अनशन बसेका छन् ।

आरक्ष पीडित समस्या समाधानका लागि हालसम्म ३४ आयोग बनेका छन् । सरकारले केही वर्ष अघि समस्या समाधानका लागि पूर्व न्यायाधिशन ठाकुर प्रसाद शर्माको नेतृत्वमा न्यायिक आयोग गठन गरेको थियो ।

शर्मा आयोगले दुई हजार चार सय ७३ परिवार पुनर्स्थापन गर्न पर्ने प्रतिवेदन तयार गरेको थियो ।

संघर्ष समितिका अध्यक्ष रोकायाले न्यायिक आयोग बनाएर पनि आफूहरुको समस्या समस्या समाधान हुन नसकेकोमा चिन्ता व्यक्त गरे ।

रोकायाका अनुसार २०५८ मा ४ हजार ३ सय १४ घरधुरी परिवारलाई आरक्षबाट बेदखल गरिएको थियो ।

शुक्लाफाँटा वन्यजन्तु आरक्षका तत्कालिन वार्डेन सूर्य प्रसाद पाण्डेय सेना र हात्ती लगाएर उनीहरुको वस्ती हटाएका थिए ।

२०५८मा विस्थापित काँग्रेस नेता दिवान सिंह बिष्ट नेतृत्वमा आयोग बनेको थियो । त्यसपछि एमाले नेता हिरा सिह सार्की, लाल बहादुर खड्का, मोहन गिरी, पूर्ण बहादुर चन्द, दल बहादुर बोहरा, जयानन्द पनेरु, बेदप्रकाश ढकाल लगायतको नेतृत्वमा विस्थापित समस्या समाधानका लागि आयोग बनेका छन् ।

# बैजनाथ माविको अध्यक्षमा गणेश खत्री

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २८ साउन**

बैजनाथ माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा गणेश खत्री चयन भएका छन् । व्यवस्थापन समिति सदस्यको बैठकबाट उनी सर्वसम्मत अध्यक्ष चयन भएका हुन् ।

अध्यक्ष खत्री अभिभावक भेलाबाट सदस्य चयन भएका हुन् । उनी भीमदत्त नगरपालिका ६ ऐठपुरका वासिन्दा हुन् । बैजनाथ ऐठपुर क्षेत्रका सबैभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । बैजनाथ मावि व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष अच्युतराज कलौनीको गत वर्ष निधन भएको थियो ।

कलौनीको निधनपछि ज्येष्ठ सदस्यले जिम्मेवारी वहन गर्दै आएका थिए । समिति सदस्यमा स्वर्गिय कलौनीकी धर्मपत्नि कमला पन्त सहित सदस्य छन् । पन्त पनि अभिभावक भेलाबाट सदस्य चुनिएकी हुन् ।

अध्यक्षमा खत्री र अर्का सदस्य सन्तोस नेपालीको आकाँक्षा थियो । समिति सदस्य बैठकमा सहमति गरी खत्री अध्यक्ष भएका हुन् । अध्यक्षका आकाँक्षी नेपाली पनि भीनपा ६ का वासिन्दा हुन् । शिक्षक प्रतिनिधि सहित सदस्यले समाजसेवी र चन्दादातामध्येबाट दुई सदस्य मनोनित गरेपछि अध्यक्ष चयन प्रक्रिया थालिएको थियो ।

कञ्चनपुरको सबैभन्दा पुरानो विद्यालयमा बैजनाथमा हाल डेढ हजार विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन हुने गरेको छ ।

विगत १२ वर्षदेखि महेन्द्रनगरमा सञ्चालनमा रहेको सु.प. कै उत्कृष्ट कलेज

ADMISSION OPEN!
100% JOB PLACEMENT

+2 HOTEL MANAGEMENT
COMPUTER COMMERCE

SEEमा जुनसुकै ग्रेड आए पनि पढ्न पाईन्छ ।



Hotel Management
Courses
- F & B Service
- F & B Production (Cook)
- Bartender/Sushi Training
- Barista Coffee Training
- Housekeeping

50% SCHOLARSHIP FOR GIRLS

Bheemdatt-18, Janakitole (Near Florida School) Mahendranagar, Kanchanpur

099-520086, 9848857933, 9865691710

APEX GODAWARI ACADEMY


आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

डा. भावेश
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in Echocardiology Fellowship in Diabetes & Endrocrinologyu,
(जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ




प्रत्येक दिन

डा. कुलदिप MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)



प्रत्येक दिन

डा. अभिनव कुमार कटियार
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, ररौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ



प्रत्येक मंगलबार

सुविधाहरू: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप, सी.पेप, भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।

आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।

लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।

चौबिसै घण्टा इमरजेन्सी सुविधा

सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर
सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

आया टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्दै विन्ती गरून् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो ।

# भावपूर्ण श्रद्धाञ्जली



**जन्म:**
**वि.सं. २०१८ साल**
**असोज १८ गते**

**स्वर्गारोहण:**
**वि.सं. २०८२ साल**
**श्रावण २१ गते**

## स्व. तेज बहादुर भण्डारी

यस श्री सिद्धनाथ मन्दिर विकास समितिका सदस्य, समाजसेवी **तेज बहादुर भण्डारी**को २०८२ साउन २१ गते ६४ वर्षको उमेरमा असामायिक निधनको खबरले हामी स्तब्ध भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ ।

---

**चन्द्रकान्त भट्ट(सि.कै.)**
**कार्यवाहक महासचिव**

**एवं**

**कैलाश भट्ट**
**कार्यवाहक अध्यक्ष**

# श्री सिद्धनाथ मन्दिर विकास समिति परिवार

**भी.न.पा.-४, भगतपुर, कञ्चनपुर**

# हरि किसन मृत्यु प्रकरणमा दोषीलाई लुकाउन खोजिएको भन्दै इलाका प्रहरी कार्यालयमा प्रदर्शन



**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २८ साउन**

महेन्द्रनगर। बेल्डाडीका हरि किसन राना मृत्यु प्रकरणमा दोषिलाई जोगाउन खोजिएको भन्दै स्थानीय प्रदर्शनमा उत्रिएका छन्।

उनीहरुले सोमबार इलाका प्रहरी कार्यालय बेल्डाडीमा प्रदर्शन गरे। प्रदर्शनकारीहरुले प्रहरी कार्यालभित्र पस्ने प्रयास गरे।

हरि किसन रानाको घट्नाका दोषिलाई लुकाउन पाइदैन, यो सरकार चाहिदैन, दोषिलाई कार्वाही गर लगायत नारा उनीहरुले लगाए।

प्रहरी कार्यालयमा प्रदर्शनपछि उनीहरु धर्ना बसेका छन्। चार महिना अघि राना बेलौरी नगर पालिकाको आर्यघाट नजिक जलेको अवस्थामा मृत भेटिएका थिए।

बेल्डाडी गाउँ पालिका ३ का राना किसान हुन। भैंसी पालन व्यवसाय गर्दै आएका उनी दुध बेच्ने जाने क्रममा कलकत्ता नजिक मृत भेटिएका हुन।

नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरो सिआईबी र इलाका प्रहरी कार्यालयले राना मृत्यु प्रकरणको अनुसन्धान गरि रहेको छ।

गत महिना जिल्ला प्रहरी कार्यालयमा गरिएको कार्यक्रममा प्रहरी उपरीक्षक खडक बहादुर खत्रीले राना मृत्यु प्रकरण अनुसन्धान अन्तिम अवस्थामा पुगेको बताएका थिए।

कंचनपुर निर्वाचन क्षेत्र न. १ का साङ्सद तार ालामा तामाङगले राना मृत्यु प्रकरण छानबिन गरि दोषीलाई कानुनी दायरामा ल्याउन संसदमा माग गरेका थिए।

# रेडक्रस कञ्चनपुरको मन्त्रीमा चुनाव लड्दै बेलौरीका अशोक पाण्डेय



**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २८ साउन**

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कञ्चनपुरको साउन ३१ गते हुने निर्वाचनमा अशोक पाण्डेयले मन्त्री पदमा चुनाव लड्ने भएका छन्। रेडक्रस सोसाइटी कञ्चनपुरका कार्य समिति सदस्य पाण्डेयले रेडक्रसलाई थप बलियो बनाउन मन्त्री पदमा चुनाव लड्ने तयारी गरेका छन्।

अहिले पाण्डेय सहयोगका लागि साधारण सदस्यलाई आग्रह गरि रहेका छन्। बेलौरी नगर पालिकाका कर्मचारी पाण्डेय नगरपालिकाका विपद्का फोकल पर्सन हुन्। उनीसित विपद् व्यवस्थापनको अनुभव छ।

पाण्डेय २०६५ देखि रेडक्रसमा आवद्ध छन्। 'रेडक्रसको बृहत समाजसेवाको लक्ष्य र सिद्धान्त अनुसार संस्थालाई बलियो बनाउने लक्ष्य लिएर मन्त्री पदमा सहयोगका लागि सबैसित आग्रह गरि रहेको छु' उनले भने।


# के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि। -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ।
-पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracjimg गर्न सकिन्छ।
-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने।

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

# ट्रान्सकिप्ट सर्टिफिकेट हराएको सुचना

मनिसा नाथको नाममा रहेको रजिष्ट्रिसन नं. ७४७४२१०८२ को राष्ट्रिय परीक्षा बोर्डको ट्रान्सकिप्ट सर्टिफिकेट यही मिति २०८२ साउन १५ गते महेन्द्रनगर बजारमा हराएको हुँदा पाउनुहुने महानुभावले निम्न नम्बरमा सम्पर्क गरिदिन हुन अनुरोध गरिन्छ।

मो.९८०१८८५९४४

# छानको बालुवा र गिट्टी चाहिएमा।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं। साथै एकपटक सेवाको मौका दिनुहोस्।

हाम्रा उत्पादनहरु
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सर्म्पक नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

# विशेषज्ञ डाक्टरहरु सौजन्य मेडिकलमा

**डा. रवि स्वार**
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ट नाक, कान, घाटी रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो शनिबार

**डा. सुमित पाण्डेय**
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
प्रत्येक महिनाको पहिलो शनिबार

**डा. मोहन बेलबासे**
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
प्रत्येक महिनाको दोस्रो शनिबार

**डा. निराजन दत्त शर्मा**
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
प्रत्येक महिनाको अन्तिम शनिबार

**डा. धर्मनाथ यादव**
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
हरेक महिना तेस्रो शुक्रबार र शनिबार

सुविधाहरुः TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि।

सम्पर्क स्थानः सौजन्य मेडिकल तथा क्लिनिक
गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोनः ०९९-५२२६६६, ५२३४३५

# लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समूहको साथमा विशेषज्ञ सेवा

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौं।

**डा. केशव भट्ट**
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. शक्ति नृसिंह यादव**
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

**डा. प्रशान्त भट्ट**
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

**डा. शोमनाथ भण्डारी**
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

**डा. निर्मल अमर सिंह थापा**
MBBS, MS (General Surgeon)
हाइड्रोसिल, हर्निया, बावासिर, पेट रोग विशेषज्ञ

# लाईफ केयर क्लिनिक

099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७